कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल
स्था.२०७३

प.सं. ०७५/०७६ क.प्र.
च.नं.

फोन.नं.-०८१-५४०३१८

## अत्यन्त जरुरी सूचना !!!

सूचना प्रकाशन मितिः- २०७५/०७/१४

उपर्युक्त सम्बन्धमा यस कोहलपुर नगरपालिकाका नगर प्रमुख ज्यूको संयोजकत्वमा मिति २०७५/०७/१३ गतेका दिन बसेको सर्वपक्षीय बैठकले गरेको निर्णय अनुसार २०७५ सालको तिहार (यमपञ्चक) को अवधिभर शान्त वातावरणमा चाडपर्व मनाउन र कोहलपुर नगर क्षेत्र भित्र शान्ति सुरक्षा कायम गर्नका लागि तपसिल बमोजिमका कार्यहरु बर्जित गरिएकाले बर्जित गतिविधि भए गरेमा स्थानीय प्रहरी प्रशासनले कानून बमोजिम कारवाही गर्न सक्ने व्यहोरा सम्बन्धित सवैमा जानकारीका लागि यो सूचना जारी गरीएको छ।

### बर्जित गरिएका कार्यहरु

१. यमपञ्चक अवधिभर देउसी भैलो खेल्दा राति ९ बजे सम्म मात्र खेल्न पाइने छ।
२. देउसी भैलो खेल्दा दान तोकेर लिन नपाइने र दान तोकि अभिलेख समेत गर्न नपाइने।
३. मादक पदार्थ सेवन गरेर कोलाहल गर्न पाइने छैन भने मनोरञ्जनको बहानामा जुवा तास जस्ता प्रतिबन्धित खेल खेल्न पाइने छैन।
४. सार्वजनिक क्षेत्र अतिक्रमण गरी ब्यापार गर्न राखिएका घुम्टी ठेला गाडा त्रिपाल हटाउन मिति २०७५/०६/१३ मा प्रथम पटक तथा मिति २०७५/०७/१० मा दोस्रो पटक सूचना जारी गरि सकिएकोले दोस्रो सूचनाको अन्तिम मिति भित्र सम्पूर्ण व्यापार शाधन स्रोत हटाइ सक्नु पर्ने छ। अन्यथा सुरक्षा निकाय तथा प्रशासनबाट कडा कारवाही हुनेछ।

२०७५/०७/१४

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर - बाँके

कर्ण बहादुर थापा
शाखा अधिकृत